# जिल्ला समन्वय समितिको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

फोन नं. ०७१-५७१४२३

ईमेल:rupandehi.ddc@gmail.com

प.सं. २०८२/८३ मितिः २०८२।०४।०७

च.नं. १६ ने.सं.११४५ दिल्लागा चतर्दशी

**विषयः स्वतः प्रकाशन सम्बन्धमा।**

श्री राष्ट्रिय सूचना आयोग
उद्योग परिसर, त्रिपुरेश्वर काठमाडौं।

उपर्युक्त सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को को नियम ३ बमोजिम यस कार्यालयबाट २०८२ बैशाख १ गतेदेखि २०८२असार मसान्तसम्म सम्पादन भएको कार्यहरुको विवरण प्रकाशन गरी सोको एक प्रति यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

तुल्सीराम भण्डारी
शाखा अधिकृत

बोधार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।
श्री जिल्ला प्रशासन कार्यालय
रुपन्देही।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम २०८२ साल बैशाख १ गते देखि असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण




तुलसीराम भण्डारी
शाखा अधिकृत

जिल्ला समन्वय समितिको कार्यालय,रुपन्देही ।

मिति २०८२।०४।०७

जिल्ला समन्वय समितिको कार्यालय
रुपन्देही सिद्धार्थनगर

## स्वतः प्रकाशन

## (Proactive Disclosure)

लोकतन्त्रलाई संस्थागत गरने कार्यका लागि सूचना प्रवाहलाई महत्वपूर्ण औजारको रुपमा लिन सकिन्छ । सुशासनको मेरुदण्डको रुपमा रहेको सूचना सम्बन्धी हक नेपालको संविधानले धारा २७ मा व्यवस्था गरेको छ । सूचनाको हकलाई संविधानले नै मौलिक हकको रुपमा प्रत्याभूत गरे अनुरुप राज्यबाट हुने कार्यसम्पादनलाई लोकतान्त्रिक पद्धति अरुपप खुला तथा पारदर्शी बनाई सार्वजनिक महत्वको सूचनामा आम नागरिकहरुको पहुँचलाई सरल र सहज बनाउनको लागि सूचनाको हक सम्बन्धी ऐन,२०६४ तथा नियमावली,२०६५ को नीतिगत व्यवस्था समेत भएको छ । नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको साझा आकांक्षालाई पुरा गर्ने दीर्घकालिन सोचको साथ केन्द्रिय सरकारको प्रतिनिधीको हैसियतले संघ,प्रदेश तथा स्थानीय सरकार र सरकार अन्तर्गतका निकायहरुसँग उचित समन्वय गर्ने कार्य जिल्या समन्वय समितिको कार्यालयले गर्दै आएको छ । सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीबाट मिति २०८२ बैशाख १ गतेदेखि असार मसान्तसम्म सम्पादन गरिएका मुख्य मुख्य कार्यहरुको जानकारी आम नागरिकलाई होस भन्ने अभिप्रायका साथ तयार गरिएको छ ।

तुल्सीराम भण्डारी
शाखा अधिकृत

१. रुपन्देही जिल्लाको सामान्य परिचयः

रुपन्देही नेपालको लुम्बिनी प्रदेश अन्तरगत पर्ने एक जिल्ला हो । समुद्री सतहबाट १०० मिटर देखि १२१९ मिटरको उचाईसम्म फैलिएर रहेको यो जिल्ला ८३०१२"१६" देखि ८३० ३८" ७" पूर्वी देशान्तर र २७० २०" ००" देखि २७०४७"२५" उत्तरी अक्षांश बीचमा अवस्थित छ । १३६० बर्ग किलोमिटर क्षेत्रफल रहेको यस जिल्लालाई चुरे क्षेत्र, भावर क्षेत्र र तराई/मधेस गरी ३ भौगोलिक क्षेत्रहरुमा विभाजन गरिएको छ । पूर्वमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल र रामग्राम नगरपालिका तथा पाल्हिनन्दन गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिका र शुद्धोधन गाउँपालिका, उत्तरमा अर्घाखाँची जिल्लाको शीतगंगा नगरपालिका, पाल्पा जिल्लाको तिनाउ, माथागढी र रैनादेवी छहरा गाउँपालिका तथा दक्षिणमा भारतको उत्तर प्रदेशको महाराजगंज र सिद्धार्थनगर जिल्लासँग सिमाना जोडिएको छ । भैरहवा (सिद्धार्थनगर) यस जिल्लाको सदरमुकामको रुपमा रहेको छ ।यस जिल्लामा १ उपमहानगरपालिका, ५ नगरपालिका र १० गाउँपालिका गरी १६ वटा स्थानीय तहहरु रहेका छन । साथै संघिय निर्वाचन क्षेत्र ५ र प्रदेश निर्वाचन क्षेत्र १० वटा रहेका छन ।

२०७८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या ११२१९५७ रहेको छ जसमध्ये महिला ५७१४७९ (५०.९%) र पुरुष ५५०४७८ (४९.१%) रहेका छन जसमा लैङ्गिक अनुपाल ९६.३३ (पुरुष प्रति महिलामा) देखिन्छ । बार्षिक जनसंख्या बृद्धिदर २.३३% र जनघनत्व ८२५ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ । जिल्लाको कुल क्षेत्रफलमध्ये ८२६२२ हेक्टर खेतियोग्य जमिन रहेको छ भने वनले ओगटेको क्षेत्रफल २५१०५ हेक्टर रहेको छ ।






तुल्सीराम भण्डारी
शाखा अधिकृत

२. जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीको स्वरुप र प्रकृतिः

नेपालको संविधान,२०७२ को धारा २२० ले परिकल्पना गरे बमोजिम प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय रहने भन्ने व्यवस्था भएबमोजिम जिल्ला समन्वय समितिको कार्यालय रुपन्देही स्थापना भएको हो । जिल्ला समन्वय समितिमा एक प्रमुख एक उप प्रमुख र सात जना अन्य सदस्य गरी जम्मा नौ जनाको समिति रहेको छ । संघ,प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने यस कार्यालयको मुख्य उद्देश्य रहेको छ ।

३. जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको काम, कर्तव्य र अधिकारः

नेपालको संविधान,२०७२ को धारा २२० बमोजिम जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको काम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।

क. जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने

ख. विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने

ग. जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने।

घ. प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने।


त्यसैगरी स्थानीय सरकार ऐन, २०७४ तथा लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको " जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन,२०७५" बमोजिमको काम निम्नानुसार रहेको छः

- स्थानीय तहहरुको विकास तथा निर्माणमा समन्वय गर्ने
- जिल्लामा सरकारी तथा गैससबाट संचालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गर्ने ।त्यस्ता कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनको विभिन्न चरणमा अनुगमन गर्ने
- स्थानीय तहहरुको क्षमता विकासका लागि संघ र प्रदेशसँग समन्वय गर्ने
- स्थानीय तहहरुबीच विवाद उत्पन्न भएमा समाधानका लागि समन्वय र सहजीकरण गर्ने
- विपद व्यवस्थापन सम्वन्धी योजना तथा कार्यको समन्वय गर्ने
- विकास निर्माणसँग सम्वन्धित काममा गैसस र निजीक्षेत्रसँग समन्वय गर्ने
- विकास निर्माणसँग सम्वन्धी कामको सन्तुलन भए नभएको अवस्थाको बारेमा संघ प्रदेश र स्थानीय तहलाई आवश्यकता अनुसार सुझाव दिने
- प्राकृतिक श्रोत व्यवस्थापन, अनुगमन, समन्वय गर्ने
- स्थानीय तहले बनाएका ऐन कानुनको अभिलेखीकरण गर्ने
- जिल्ला सुचना तथा अभिलेख केन्द्र स्थापना र संचालन गर्ने।

तुलसीराम भण्डारी
शाखा अधिकृत

४. जिल्ला समन्वय समितिको कार्यालयमा रहेका कर्मचारी संख्या र कार्य विवरण:

जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीको संगठन संरचना:




तुल्सीराम भण्डारी
शाखा अधिकृत

जिल्ला समन्वय समितिको दरबन्दी तेरिजः

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | | १ | |
| २. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | १ | |
| ३. | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | जनरल | १ | |
| ४. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | | १ | |
| ५. | लेखा सहायक | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | | १ | |
| ६. | सव इन्जिनियर | रा.प.अनं. प्रथम | इन्जि. | सिभिल | जनरल | १ | |
| ७. | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सा.प्र. | | १ | |
| ८. | हलुका सवारी चालक | श्रेणीविहिन | | | | २ | |
| ९. | कार्यालय सहयोगी | श्रेणीविहिन | | | | ३ | |
| १०. | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रमुखको निजी सचिवालय | | | १ | करार |

**४. जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान गरिने सेवाः**

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारीको नाम,थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | व्यवस्थापन शाखा | तुल्सीराम भण्डारी | शाखा अधिकृत | ९८५७०४९८४४ | |
| २. | अनुगमन तथा मूल्याङ्कन शाखा | विवेक झा | इन्जिनियर | ९८६४४२०६७४ | |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः**

यस कार्यालयबाट प्रदान गरिने कुनैपनि सेवा बापत शुल्क लाग्ने छैन ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

सरकारि निर्णय प्रक्रिया सरलीकरण निर्देशिका,२०६५ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र सूचनाको हकसम्बन्धी ऐन २०६४ लगायतका अन्य प्रचलित कानून बमोजिम ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

निर्णय उपर उजुरी सुन्ने अधिकारीः जिल्ला समन्वय अधिकारी

तुल्सीराम भण्डारी
शाखा अधिकृत

**९. सम्पादन गरेको कामको विवरणः**

मिति २०८२ बैशाख १ गतेदेखि मिति २०८२ असार मसान्तसम्मको त्रैमासिक अवधीमा यस कार्यालयबाट सम्पादित कामको विवरण निम्नानुसार रहेको छ ।

- घुम्ती बैठक संख्याः- १ वटा
- जिल्ला समन्वय समिति बैठकः- ३ वटा
- स्थानीय तहहरुसँग बिभिन्न विषयहरुमा सहजीकरण
- प्रदेश सरकारबाट रुपन्देही जिल्लाका बिभिन्न स्थानीय तहहरुमा संचालित योजनाहरुको अनुगमन
- महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत स्थानीय तहहरुमा संचालित सामाजिक सेवातर्फ भएका गतिविधीहरुको अनुगमन ।
- नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रि गर्ने स्थानीय तहहरुको सहभागिता तथा अनुरोधमा नदीजन्य पदार्थको अनुगमन तथा पृष्ठपोषण
- रुपन्देही दर्पण प्रकाशन

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः**

सूचना अधिकारीको नामः तुल्सीराम भण्डारी शाखा अधिकृत
कार्यालय प्रमुखको नामः कृष्णप्रसाद खनाल जिल्ला समन्वय अधिकारी

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन,२०७५ (लुम्बिनी प्रदेश)
- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली,२०६५
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"
- नदीजन्य पदार्थ व्यवस्थापन कार्याविधि, २०७५ (लुम्बिनी प्रदेश)

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

| संघीय तर्फ | | कार्यसंचालन कोष ख-६ | |
|---|---|---|---|
| कुल बजेटः | रु. १,५१,१३,०००।- | कुल बजेटः | रु.२३,७०,३५,६५९.०६ |
| त्रैमासिक खर्चः | रु. ४२,१०,३५४।६० | त्रैमासिक खर्चः | रु. १,५४,२०,८७७।- |

तुल्सीराम भण्डारी
शाखा अधिकृत